# आठौं गाउँसभामा प्रस्तुत आर्थिक वर्ष २०७८/०७९ को वार्षिक बजेट

सहिदभूमि गाउँपालिका,

# गाउँ कार्यपालिकाको कार्यालय

धनकुटा

१ नं. प्रदेश, नेपाल

<u>प्रस्तुत मिति</u>

१० आषाढ, २०७८

**यस सहिदभूमि गाउँपालिकाका उपाध्यक्ष श्री रत्नश्वरी राई ज्यूबाट प्रस्तुत गरिएको आ.ब. २०७८/७९ को बजेट वक्तव्य सहिदभूमि गाउँपालिका, धनकुटा**

**आठौँ गाउँसभामा प्रस्तुत आर्थिक बर्ष २०७८/२०७९ को बर्षको वजेट बक्तव्य**

यस आठौ गाउँसभाका सभाध्यक्ष, गाउँ कार्यपालिकाका सदस्यज्यूहरू, गाउँसभा सदस्यज्यूहरू, प्रमुख प्रशासकीय अधिकृतज्यू, तथा कर्मचारीहरु प्रति सर्वप्रथम व्यक्तिगत रुपमा म, गाउँपालिका प्रमुख र गाउँ कार्यपालिका परिवारको तर्फबाट हार्दिक स्वागत गर्दछु, साथै देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न तथा जनतालाई सार्वभौम अधिकार सम्पन्न बनाउने महान अभियानमा सहादत प्राप्त गर्नु भएका सम्पूर्ण ज्ञात, अज्ञात सहीदहरू प्रति हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

नेपाल सरकारको २०७३ फागुन २७ को निर्णयानुसार साविकका तीनवटा गाविस समावेश गरी सहिदभूमि गाउँपालिका घोषणा भई यस सहिदभूमि गाउँपालिका स्थानीय तह पुनःसंरचना पछिको पाँचौ पटक बजेट प्रस्तुत गरिरहदा समेत विविध समस्या, चुनौति र अवसरहरू समान गरिरहनु परेको छ । पुनः यस वर्ष समेत विश्वमा देखिएको कोरोना भाईरस (कोभिड १९) ले नेपालमा समेत आफ्नो प्रभाव देखाउदै विश्वका अधिकांश देशहरुसंग नेपाल पनि कोरोना भाईरससंग जुधिरहनु परेको छ । यसका वावजुद पनि आगामी आ.ब. २०७८/०७९ को बजेट यस सम्मानीत आठौँ गाउँसभामा प्रस्तुत गर्ने अवसर पाउँदा खुशी तथा गौरवान्वित समेत ठानेको छु । यस अवसरमा हाम्रो कदमलाई निरन्तर सहयोग पुर्‍याउदै आउनुहुने गाउँबासीहरू, निर्वाचित पदाधिकारीहरू, राजनैतिक दलका पदाधिकारीहरू, कर्मचारीहरु, विभिन्न सरकारी तथा गैर सरकारी निकायहरू, नागरिक समाजका अभियन्ताहरू, शिक्षक, पत्रकार, साहित्यकार, बुद्धिजिवी र समाजसेवीहरू प्रति आभार व्यक्त गर्दछु ।

**आदरणीय अध्यक्ष तथा गाउँसभा सदस्यज्यूहरू,**

हाम्रा चाहना र आवश्यकताहरू असिमित छन तर स्रोत र साधनहरू सिमित छन् । उपलव्ध सिमित स्रोत र साधनबाट समग्र गाउँको सम्पूर्ण नागरिकहरूको चाहना र विकासलाई सम्बोधन गर्न आफैंमा चुनौतिपूर्ण छ । त्यसैले सिमित स्रोत र साधनलाई प्राथमिकताका साथ परिचालन गरी अधिकतम जनसहभागिता, सहकार्य तथा साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने हाम्रो आवश्यकता र वाध्यता हो । यस तर्फ सम्पूर्ण सदस्यज्यूहरूको सहयोग र सहकार्यको आशा लिएको छु ।

**आदरणीय अध्यक्ष तथा गाउँसभा सदस्यज्यूहरू,**

अब म यस गाउँपालिकाको योजना, बजेट तथा कार्यक्रम तर्जुमाको लागि अबलम्बन गरिएका पद्धति तथा लिइएका आधारहरूको बारेमा व्याख्या गर्न चाहन्छु । जसमा,

१. नेपालको संविधान, २०७२ ले परिलक्षित गरेका निर्देशक सिद्धान्त तथा नीतिहरू र स्थानीय तहको अधिकार क्षेत्र भित्र पर्ने भनि संविधानले परिभाषित गरेका अधिकारका क्षेत्रहरू ।
२. स्थानीय सरकार संचालन ऐन २०७४ र नेपाल सरकारबाट समय समयमा जारी भएका आदेश तथा निर्देशनहरू । यस गाउँकार्यपालिका र गाउँसभाबाट स्वीकृत नीति तथा ऐनहरु ।
४. वडा स्तरीय योजना तर्जुमा तथा वडा समितिको सिफारिस, विषयगत समिति र योजना तर्जूमा तथा कार्यक्रम समितिबाट सिफारिस भई आएका योजनाहरू ।
५. राजश्व परामर्श समिति तथा स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिका निर्णयहरू ।

६. बजेट तथा कार्यक्रम तर्जूमा समितिका निर्णयहरू ।
७. विकासका समसामयिक मुद्दाहरू जस्तै सामाजिक सुरक्षा, दिगो विकास, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास, वालमैत्री र वातावरण मैत्री स्थानीय शासन, आधारभूत स्वास्थ्य, पूर्ण साक्षरता, खुला दिशामुक्त तथा पूर्ण सरसफाई, उर्जा संकट, पूर्वाधार विकास लगायतका अन्तर सम्बन्धित विषयहरूलाई लिइएको छ ।

**आदरणीय अध्यक्ष तथा गाउँसभा सदस्यज्यूहरू,**

श्रोत साधनको सिमित उपलब्धताका कारण योजना तथा कार्यक्रमहरूलाई प्राथमिकतापूर्वक क्रमशः कार्यान्वयन गर्दै लग्नुपर्ने वाध्यता भएकोले सो को लागि सालबसाली रुपमा आयोजनालाई विभाजन गरी प्राथमिकताका क्षेत्रहरूको पहिचान गर्नुपर्ने आजको आवश्यकता हो । सोही सिद्धान्त अनुरुप हामीले योजना तथा कार्यक्रमहरू छनौट गर्दा देहायका आधारहरू तय गरी सोही अनुरुप योजना तथा कार्यक्रम छनौट गरेका छौ ।

**आधारहरू :**

१. आर्थिक विकासका सम्भावित क्षेत्रहरू, जस्तैः कृषि, सडक,पर्यटन, शिक्षा, स्वास्थ्य र खानेपानी आदी ।
२. पूर्वाधारयुक्त, उत्पादनमुखी र अधिंकाश नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रमहरू ।
३. स्वास्थ्य र शिक्षाको उपलब्धता तथा गुणस्तरीयतामा अभिबृद्धि हुने कार्यक्रमहरू ।
४. लक्षित समुदायलाई प्रत्यक्ष फाइदा हुने कार्यक्रमहरू ।
५. आवधिक र गुरुयोजनाले निर्दिष्ट मार्गदर्शन गरेका कार्यक्रमहरु ।
६. विपद्‌बाट कम क्षति पुग्ने र विपद्‌को समयमा उद्दार गर्न सघाउ पुग्ने योजना तथा कार्यक्रमहरू ।
७. विपन्न दलित, पिछडा वर्ग, जनजाति, सिमान्तकृत समुदायको रोजगारी तथा प्रतिनिधित्वलाई टेवा पुऱ्याउने योजना तथा कार्यक्रमहरू ।
८. अधुरा र क्रमागत योजनाहरूलाई पुरा गर्ने वजेट तथा कार्यक्रमहरू ।
९. संस्थागत संरचनालाई दिगो बनाउने कार्यक्रमहरु ।

**आदरणीय अध्यक्ष तथा गाउँसभा सदस्यज्यूहरू,**

अब म आ.व. २०७७/२०७८ मा यस गाउँपालिकाबाट सञ्चालन भएका योजना तथा कार्यक्रमको लागि अनुमान गरिएको आय व्यय संक्षेपमा प्रस्तुत गर्दछु ।

गाउँपालिकाको आन्तरिक श्रोतबाट रु. ५८,००,०००।००, नेपाल सरकारवाट यस गाउँपालिकामा आ.व.०७७/०७८ को लागि वित्तिय समानीकरण तर्फ रु. ८,५९,००,०००।-, सशर्त अनुदान तर्फ रु.१७,०५,००,०००।-, राजश्व बाडफाडबाट रु. ६,३९,०३,६४८।- त्यसैगरी प्रदेश सरकार मार्फत समानीकरण अनुदान रु. ६९,९८,०००।- र राजश्व बाडफाँड बापत रु. २३,८७,०००।- प्राप्त हुने अनुमान गरिएको व्यहोरा यस सम्मानित सभालाई जानकारी गराउन चाहन्छु ।

यस गाउँपालिकाले चालु आ.ब. २०७७/०७८ को जेष्ठ मसान्तसम्म आन्तरिक आय रु. १६ लाख ५५ हजार, नेपाल सरकारबाट समानीकरण अनुदान रु. ८,५९,००,०००।०० शसर्त अनुदान १९,७७,०२,६५५।००, अन्य अनुदान रु. १,८८,९४२।५०, राजश्व बाडफाड रु. ३,९१,१०,२१८।०६ तथा प्रदेश सरकारबाट समानिकरण अनुदान रु. ६९,९८,०००।००, शसर्त अनुदान रु. १२,७६,०००।००, समपुरक अनुदान रु. ६६,६७,०००।००, राजश्व बाडफाड रु. १७,०५,४७०।७४ र गत आ.ब.को मौज्दात रु. ७,८३,९९,३३६।५४ गरी जम्मा रु. ४१,९६,०२,६४१।७० रकम प्राप्त भएको व्यहोरा यस सम्मानित सभालाई जानकारी गराउन चाहन्छ ।

चालु आ.ब. २०७७/०७८ मा खर्चतर्फ (शसर्त सहित) रु. २२,२७,९४,४१०।०० मध्ये चालु खर्च रु. १०,०६,६७,६४०।०० र पुजिगत खर्च रु. १२,२१,२६,७७०।०० अनुमान गरिएकोमा चालु आ.ब. २०७६/०७७ को जेष्ठ मसान्तसम्म चालु खर्च रु. ४,१३,७४,०८९।८४ र पुजिगत खर्च रु. ५,५६,२४,९८५।३६ गरी जम्मा रु. ९,६९,९९,०७५।२० खर्च भएको देखिन्छ ।

विशेषतः यस गाउँपालिकाको खर्च प्रगति चालु खर्च तर्फ ४१.१ प्रतिशत र पुजिगत खर्च तर्फ रु. ४३.५३ प्रतिशत खर्च भएको देखिन्छ । पुजिगत बजेटतर्फको खर्चको प्रगति गत आ.ब. को भन्दा केही वृद्धि भएको छ ।

अव म यस अवधिको प्रगतिको समिक्षा गर्दै वर्तमान अवस्थाको विश्लेषण प्रस्तुत गर्दछु ।

**क. आर्थिक विकास :**

आर्थिक विकास अर्न्तगत कृषि, पशु, पर्यटन, उद्योग, सहकारी र वित्तिय क्षेत्र सुधार कार्यक्रम रहेका छन् । आर्थिक विकासको क्षेत्रमा कृषि विकास तर्फ मकै गहुको विउ वितरण, फलफुलको विरुवा वितरण,आकस्मिक रोग नियन्त्रण, कृषि औजार अनुदानमा वितरण, तरकारीका विउ वितरण आदि कार्यक्रमहरु गरिनेछ भने पशु विकास तर्फ पशुपालन अनुदान कार्यक्रम, पशु उपचार सेवा, घाँसको बिउ वितरण, पशु स्वास्थ्य शिविर आदि कार्यक्रमहरु गरिनेछ । पर्यटन तर्फ यस गाउँपालिका क्षेत्रमा रहेका त्रिवेणी, छिन्ताङ्गदेवी मन्दिर, सहिदपार्क लगायत अन्य पर्यटकीय स्थलहरुको प्रवर्द्धन गरी आन्तरिक तथा धार्मिक पर्यटकको आवागमनमा अभिवृद्धि हुने अपेक्षा गरिएको छ । पाताल सहिदपार्क जाने सडक नेपाल सरकारसंगको साझेदारीमा निर्माण प्रक्रिया अघि बढेको छ । उद्योगतर्फ स्थानीय श्रोत साधन र सिपको उपयोग गरी संचालित घरेलु तथा साना उद्योगहरुलाई अनुदानका कार्यक्रम ल्याइनेछ भने सहकारी क्षेत्रमा संचालित सहकारीहरुको क्षमता अभिवृद्धिमा ध्यान दिइने गरी तालिम कार्यक्रम आ.ब. २०७७/७८ देखि बजेट विनियोजन गरिएको साथै उक्त कार्यलाई यस वर्ष पनि सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ जसले यस क्षेत्रका सहकारीहरुको दक्षता तथा क्षमतामा अभिवृद्धि हुने अपेक्षा गरिएको छ । त्यसै वर्ष आगामी आ.ब. मा फलफुल तथा नगदे बाली खेती, जडिबुटि (टिमुर, तेजपत्ता) उत्पादनमा नेपाल सरकारको विशेष अनुदानबाट संचालन गरिनेछ ।

**ख. सामाजिक विकासः**

शिक्षा, स्वास्थ्य, खानेपानी, महिला, बालबालिका, दलित, आदिवासी, जनजाति, पिछाडिएको वर्ग, विशेष क्षमता भएका नागरिक तथा जेष्ठ नागरिकहरूको उत्थान र विकास, युवा तथा खेलकुद क्षेत्रमा गरिएको लगानीले केही उल्लेख्य सुधार आएको अपेक्षा गरिएतापनि चालु आ.ब. २०७७/०७८ को कोरोना भाईरस दोश्रो भेरिएन्टले पुनः निषेधाज्ञा जारी भएको कारण सामाजिक विकास क्षेत्रमा यस वर्ष पनि प्रगति न्यून देखिएको छ ।

शिक्षा क्षेत्र र खानेपानी क्षेत्र तथा खेलकुद विकासका कार्यक्रमहरु केही तहसम्म राखिएको भएतापनि यस क्षेत्रका कार्यक्रम तथा योजनालाई अझ परिष्कृत र ठोस बनाउदै लानु पर्ने आवश्यकता देखिएको छ । लक्षित बर्गको क्षमता अभिवद्धि, आयआर्जनको माध्यमबाट आर्थिक अवस्था सुदृढ बनाउन आन्तरिक रोजगारी प्रर्वद्धन चुनौतिपूर्ण भएतापनि आगामी दिनहरुमा अझ सशक्त बनाउन सकिने आशा गर्न सकिन्छ । सामाजिक सुरक्षा भत्ता हालसम्म नगदै वितरण गरिदै आएकोमा आगामी आ.ब. २०७८/०७९ देखि बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्नुपर्ने भनि नेपाल सरकारबाट राजपत्रमा नै सूचना प्रकाशन गरी कार्यान्वयनमा बाध्यात्मक स्थिति सृजना भएकोले सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई बैंकिङ्ग प्रणाली मार्फत व्यवस्थित गर्दै लानु पर्ने तथा भत्ता वितरण प्रकृयालाई सुचना प्रणालीसंग आवद्ध गर्दै लैजानु पर्ने अवस्था छ ।

## ग. पूर्वाधार विकास :

यस गाउँपालिकाक्षेत्र भित्र विगतमा भन्दा यस बर्ष सडकको विस्तार र नयाँ सडक पहुँचमा वृद्धि भएको छ । कच्ची सडकलाई क्रमिक रुपमा स्तरोन्नती गरी बाह्रै महिना सवारी चल्न सक्ने बनाउनुका साथै केही सडकहरुलाई कालोपत्रेमा रुपान्तरित गर्न अझ प्रयास गरिनुपर्नेछ । त्यसै गरी सामुदायिक भवन, सिचाई, घरेलु सोलार वितरणमा केही कार्य भएका छन् भनि आगामी दिनमा पूर्वाधारको क्षेत्रमा आन्तरिक श्रोतका साथै प्रदेश तथा केन्द्र सरकारको लगानी अभिवृद्धि गर्न पहल गर्नुपर्ने देखिन्छ । विद्युतिकरण तथा उर्जा विकासका क्षेत्रमा आवश्यक वजेटको व्यवस्थापनमा कठिनाई देखिएको हुँदा सम्बन्धित निकायहरुमा पहल गर्नुपर्ने आवश्यकता रहेको छ ।

## घ. वातावरण तथा विपद् व्यवस्थापन :

यस गाउँपालिकाको फोहोरमैला व्यवस्थापनको लागि ल्याण्डफिल्ड साइडको छनौट गरी उक्त स्थानलाई सामान्य व्यवस्थापन गर्ने कार्य भएको छ । यसलाई अझै विस्तृत अध्ययन गरी उक्त अध्ययनले दिएको प्रतिवेदनको आधारमा बाह्य श्रोत जुटाई ल्याण्डफिल्ड साइडको निर्माण कार्य अघि बढाउनु पर्ने देखिएको छ । गाउँपालिकाको विपद् व्यवस्थापनको लागि स्थानीय प्रकोप व्यवस्थापन कोषको स्थापना भइसकेको छ । यसै महामारीको व्यवस्थापनको लागि नेपाल सरकारको निर्देशन बमोजिम स्थानीय तह प्रकोप व्यवस्थापन कोष अर्न्तगत कोरोना भाईरस उपचार तथा रोकथाम नियन्त्रण कोष स्थापना गरि उक्त कोष मार्फत कोरोना संक्रमण तथा व्यवस्थापन गरिएको छ । कोरोना भाईरसबाट २०७७/०७८ मा यस पालिका समेत प्रभावित भएको छ । कोरोना संक्रमित भई होम आईसोलेशनमा रहनु व्यक्तिहरुलाई स्वास्थ्य सामाग्री, औषधी तथा पोषणयुक्त खानेकुराहरुको वितरण गरिएको थियो । त्यसै गरी कोरोना संक्रमित हुनबाट जोखिन सचेतना अभिवृद्धि होस भनि सम्भव भएसम्म प्रत्येक घरपरिवारलाई साबुन, सेनिटाइजर, माक्सहरु गाउँपालिकाले वडा कार्यालय मार्फ वितरण गरेको थियो ।

## ङ. संस्थागत विकास तथा सेवा प्रवाह :

हाल गाउँपालिकाका ७ वटा वडावाटै सेवा प्रवाह भईरहको छ । वडा कार्यालयहरु मध्ये ६ वटा वडाहरुको कार्यालय भवन निर्माण सम्पन्न भईसकेको छ भने वडा नं. १ को भवन निर्माण हुन सकेको छैन । वडा कार्यालयहरुमा कर्मचारीहरुको अभाव भएकोले २ वटा वडा कार्यालयमा स्वास्थ्य तर्फको कर्मचारी र २ वटा वडा कार्यालयमा एक जना कर्मचारी वडा सचिवको रुपमा खटाई कार्य संचालन गरिरहेको अवस्था छ । गाउँपालिकाका लागि आवश्यक कर्मचारी पूर्ति हुन सकेको छैन भने गाउँपालिका केन्द्रमा भवन निर्माण कार्य सम्पन्न हुने अन्तिम चरणमा भएकोले आगामी आ.ब. देखि गाउँपालिकाको नयाँ भवनबाट सेवा प्रवाह भई कार्यालय व्यवस्थित हुन अपेक्षा गर्न सकिन्छ ।

**च. वित्तिय व्यवस्थापन र सुशासन :**

गाउँपालिकाले गरेका वित्तिय कारोबारहरुको प्रतिवेदन मासिक तथा चौमासिक रुपमा सम्बन्धित निकायहरुमा पेश हुदै आइरहेको छ । विशेषत: कार्यालयले चालु आ.ब. मा सार्वजनिक सुनुवाईका कार्यक्रम संचालनका लागि सम्बन्ति संस्थाहरुलाई जिम्मेवारी दिएतापनि निषेधाज्ञाका कारण कार्यक्रम संचालन हुन सकेको छैन । त्यही पनि यस महिनाको अन्त्यसम्म वडा तथा गाउँपालिका स्तरमा सार्वजनिक सुनुवाई सम्पन्न हुनेछ भनि अपेक्षा गरिएको छ । आगामी आ.ब. देखि वित्तिय कारोबार तथा गाउँपालिकाको सुशासनलाई अझै व्यवस्थित, प्रभावकारी पारदर्शी तथा जवाफदेही बनाउन सार्वजनिक सुनुवाई, कार्यप्रगतिहरुको सार्वजनिकरण आदि कार्यलाई उच्च प्राथमिकताका साथ अघि बढाउनु पर्दछ ।

**आदरणीय अध्यक्षतथा सदस्यज्यूहरू,**

यस गाउँपालिकाको आ.व. २०७८/२०७९ को नीति, वजेट तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु । नीति, वजेट तथा कार्यक्रम प्रस्तुत गर्नु पूर्व यस गाउँपालिकाको दिर्घकालिन सोंच (Vision), लक्ष्य (Goal), उद्देश्य (Objective) र अपेक्षित उपलब्धिको बारेमा संक्षिप्त प्रस्तुति गर्दछु ।

**दिर्घकालिन सोंच (Vision) :**

**"सहिदभूमिको समृद्धि : शिक्षा, स्वास्थ्य, पर्यटन र कृषि"** मार्फत समुदायको स्थानीय सरकारप्रतिको पहुँच र अपनत्व वृद्धि गर्नु रहेको छ ।

**लक्ष्य (Goal):**

पर्याप्त ग्रामिण पूर्वाधार विकास, जैविक कृषि उत्पादन र कृषि बजारको विकास, शैक्षिक गुणस्तर वृद्धि, पर्यटन क्षेत्रको गुणात्मक परिवर्तन, वित्तिय व्यवस्थापन, स्वरोजगारमुलक उद्योग र व्यवसाय मार्फत रोजगारीको प्रत्याभूति र यूवा प्रतिभाको प्रवर्द्धन एवं सामाजिक सांस्कृतिक जागरण आदि मार्फत गाउँबासीहरुको जिवनस्तरमा वृद्धि गरी हरेक क्षेत्रमा धनकुटा जिल्लाकै ***नमुना गाउँ*** को रुपमा स्थापित गराउनु ।

**उद्देश्य (Objective):**

- कृषि व्यवसाय, साँस्कृतिक, धामिक र कृषि पर्यटन र गाउँ शहर विकासलाई सहयोग पुग्ने गरी लिंकरोड निर्माण गर्ने ।
- खाद्यान्य एवं नगदे बालीमा आत्मनिर्भर बनाउने ।
- छिन्तांगदेवी मन्दिर, सहिदपार्क, घुमाउने डांडा, त्रिवेणी क्षेत्र आदि लगायतका पर्यटन क्षेत्रको विकास गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटकको गन्तव्य क्षेत्र बनाउने ।
- सबै वडा कार्यालयहरूलाई बाह्रै महिना यातायात चल्न सक्ने गरी सडक संजालले जोड्ने ।
- गाउँपालिका र सबै वडा कार्यालय भवन संरचना व्यवस्थापन गरिसक्ने ।
- एक स्थानीय तह एक पहिचानको ट्रेड मार्कको रुपमा सुन्तला उत्पादन र बजारीकरण तथा छिन्तांगदेवी पर्यटनलाई प्राथमिकतामा राखी कार्यक्रम संचालन गर्ने ।

- स्थानीय श्रात, साधनमा आधारित घरेलु तथा साना उद्योग प्रवर्द्धन गर्ने ।
- गाउँपालिका क्षेत्रमा उच्च शिक्षा प्रदान गर्ने एक प्राविधिक शिक्षालयको स्थापनामा जोड दिने ।
- गाउँपालिकामा रहेका पूर्वाधारयक्त स्वास्थ्य केन्द्रहरूलाई स्तरोन्नती गरी एक सुविधा सम्पन्न अस्पतालको रुपमा विकास गर्ने र अन्य स्वास्थ्य संस्थालाई प्राविधिक क्षमतायुक्त बनाउदै लैजाने ।
- गाउँ भित्र सञ्चालित विद्यालयहरूमा गुणस्तरीय शिक्षा तथा अंगेजी माध्यमलाई प्रश्रय दिई एक विद्यालयलाई उच्च शिक्षाको लागि पूर्वाधार विकास गर्ने ।
- सवैलाई स्वच्छ पिउने पानी पुऱ्याउने अबधारणा अनुरुप सबै वडा टोलवस्तीमा खानेपानीको उपलब्धतालाई सहज गराउने ।
- सहिदभूमिलाई पूर्ण सरसफाई युक्त गाउँ, बालमैत्री र बातावरण मैत्री गाउँको रुपमा रुपान्तरण गर्ने ।
- खेलकुद र शारीरिक स्वास्थ्यका लागि खेलकुदको विकास तथा राष्ट्रियस्तरका खेलकुद कार्यक्रमलाई गाउँस्तरमा संचालन गर्ने खेलमैदानको स्तरोन्नती र विकास गर्ने ।
- गाउँपालिकाको संस्थागत पूर्वाधार र संरचनागत पूर्वाधारलाई प्रविधीमैत्री बनाउदै लैजाने ।

**अपेक्षित उपलव्धिः**

- कृषि र पर्यटनको विकासका कारण रोजगारीको अवसरमा वृद्धि हुनेछ ।
- आधारभूत स्वास्थ्य सुविधामा नागरिकको पहुँच वृद्धि भएको हुनेछ ।
- शैक्षिक क्षेत्रहरुमा गुणस्तरीय शिक्षाको प्रवर्द्धन हुनेछ ।
- लक्षित क्षेत्रहरुको सामाजिक विकासमा प्रगति हुनेछ ।
- भौतिक पूर्वाधारको विकासबाट यातायातको सुविधामा वृद्धि भई नागरिकको जिवनस्तर सहज बन्नेछ ।
- पर्यटकीय गाउँको रुपमा रुपान्तरीत हुनेछ ।
- आगामी पाँच वर्ष भित्रमा गाउँबासीको प्रतिव्यक्ति औषत आम्दानी उच्च वन्नेछ ।
- वालमैत्री र पूर्ण सरसफाईयुक्त गाउँ हुनेछ ।
- आर्थिक र मानवीय गरीबीको न्यूनीकरण हुदै जानेछ ।

**आदरणीय अध्यक्ष तथा गाउँसभा सदस्यज्यूहरू,**
अब म आगामी आर्थिक वर्ष २०७८/०७९ मा यस गाउँपालिकालाई प्राप्त स्रोत र सोको विनियोजनको बारेमा संक्षिप्त रुपमा प्रस्तुत गर्दछु ।

१. गाउँपालिकाको आन्तरिक श्रोत रु. ९७,६५,०००।००, नेपाल सरकारवाट यस गाउँपालिकामा आ.व. ०७८/०७९ को लागि वित्तिय समानीकरण तर्फ रु. ९,१०,००,०००।-, सशर्त अनुदान चालु तर्फ रु. १७,०४,००,०००।-, सशर्त अनुदान पुजिगत ३,२३,००,०००।०० राजश्व बाडफाडबाट रु. ६,४३,५४,०००।-, समपूरक अनुदान रु. २,८१,००,०००।०० विशेष अनुदान चालु ४२,००,०००।००, विशेष अनुदान पुजिगत रु. १,२५,००,०००।०० त्यसैगरी प्रदेश सरकार मार्फत समानीकरण अनुदान रु. ५०,७७,०००।-, सशर्त अनुदान रु. २९,९८,०००।००, राजश्व बाडफाँड बापत रु. २४,४७,६९०।- र समपुरक अनुदानमा रु. १,००,००,०००।०० साथै अन्य अनुदानबाट रु. १८,१४,३८०।०० गरी जम्मा रु. ४४,४९,५६,०७०।०० प्राप्त हुने अनुमान भएको व्यहोरा यस सम्मानित सभालाई जानकारी गराउन चाहन्छु ।

उल्लेखित आ.व. २०७८/०७९ को प्रस्तावित बजेट मध्ये गाउँपालिका तर्फको क्षेत्रगत र शिर्षकगत रुपमा देहाय अनुसार रकम चालु तथा पूँजिगत अर्न्तगत विनियोजन गरीएको छ ।

## तपसिल

| क्र.सं. | शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | कार्य संचालन खर्च | ५,१०,०२,०००।०० | |
| २ | लक्षित वर्ग कार्यक्रम | ५५,००,०००।०० | |
| ३ | कार्यक्रम खर्च | २,९४,९१,०००।०० | |
| | **चालु खर्च** | **८,५९,९३,०००।००** | |
| | **पुजिगत खर्च** | **९,६६,५०,६९०।००** | |
| | **जम्मा रकम** | **१८,२६,४३,६९०।००** | |

**आदरणीय अध्यक्षतथा गाउँसभा सदस्यज्यूहरू,**

चालु आ.ब. २०७७/०७८ को कार्यक्रम तथा बजेटको समिक्षाका साथै आगामी आ.ब. २०७८/०७९ को कार्यक्रम तथा बजेट प्रस्तुत भएसंगै गाउँपालिकाको योजना तथा बजेटको सफल कार्यान्वयन हुनु अति आवश्यक छ । योजना तथा बजेटको कार्यान्वयन गर्दा त्यसको गुणस्तर, पारदर्शिता र जवाफदेहिता पनि संगै आउने विषय भएकोले गाउँपालिकाको योजना कार्यान्वयनको क्रममा चुनौति समेत आउने गर्दछ । यस्ता चुनौतिहरुलाई पार गर्दै आगामी वर्षको योजना तथा कार्यक्रम सफल बनाउन गाउँसभाका सदस्य, कर्मचारीहरु र स्थानीय उपभोक्ताहरुको भुमिका महत्वपुर्ण हुने भएकोले सोही बमोजिम सहयोगको अपेक्षा गरिएको छ । विकासको लागि भएको खर्चको प्रगति भन्दा पनि विकासले आम नागरिकको जीवनमा विकासले कति सकारात्मक प्रभाव पारेको छ भन्ने विषय महत्वपुर्ण हुन्छ । विकासमा आर्थिक, भौतिक तथा सामाजिक विकासमा सन्तुलन कायम गर्नु अर्को महत्वपुर्ण विषय रहेको छ । गाउँपालिकाले गरेको कार्यक्रम तथा विकास खर्चबाट जनताको जीवनस्तर, आयआर्जन र भौतिक पूर्वाधारमा केहि परिवर्तन भएको महसुस गर्न सकिन्छ । हामी जनप्रतिनिधिहरुको समयावधीको लगभग अन्त्य नजिक हुदै गर्दा बाकी अवधिमा समेत अझ प्रभावकारी रुपमा कार्यसम्पादन गर्न सबैको साथ सहयोग हुनेछ भन्ने अपेक्षा समेत गर्दछौ । यस गाउँपालिकाको दीर्घकालिन सोच **"सहिदभूमिको समृद्धि : शिक्षा, स्वास्थ्य, पर्यटन र कृषि"** लाई आत्मसाथ गर्दै नमुना गाउँ बनाउने अभियानमा स्थानीय सरकारको अभियानमा सबै राजनैतिक दल, नागरिक समाज, निजि क्षेत्र, पेशागत संस्थाका महानुभावहरू, शिक्षक, पत्रकार लगायत सबै गाउँबासीमा सहकार्य र हार्दिक सहयोगको अपिल गर्दछु ।

अन्त्यमा,

आठौं गाउँसभाको यस विशेष अवसरमा गाउँसभाका सदस्यज्यूहरू, राजनैतिक दलका पदाधिकारीहरू, राष्ट्रसेवक कर्मचारी साथीहरू, सञ्चारकर्मी साथीहरू, विभिन्न पेशा, क्षेत्र र समुदायको प्रतिनिधित्व गर्नु हुने महिला तथा सज्जन बृन्दमा तपाईहरू मार्फत म, गाउँ अध्यक्ष र यस सहिदभूमि गाउँपालिकाको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

जय सहिदभूमि

धन्यवाद !